# गरीवमूखी सामूहिक वन व्यवस्थापन: कबुलियती वनको अनुभव

✍ सिन्धुप्रसाद ढुंगाना*, बसुन्धरा भट्टराई**, गोविन्दप्रसाद काफ्ले*

## परिचय

नेपाल सरकारले वि.सं. २०४९ मा पहाडी कबुलियती वन (क.व.) तथा चरन विकास आयोजना मार्फत् पहिलो पटक गरीवमूखी क.व. कार्यक्रमको प्रारम्भ गऱ्यो । यस कार्यक्रमलाई कानूनी हैसियत भने वन नियमावली २०५१ ले मात्र दिएको छ। गरीवलाई मात्र केन्द्रविन्दु मानेर सञ्चालन भएका अन्य कार्यक्रम नभएको तत्कालीन अवस्थामा गरीवमूखी क.व.को सान्दर्भिकता पुष्टि हुने देखिन्छ। समुदायमा आधारित वनबाट गरीवी न्युनिकरणमा कम प्रभाव पर्ने सम्भावना रहेकाले घरधुरीमा आधारित क.व.बाट गरीवी न्युनिकरणमा बाञ्छित उपलब्धि हाँसिल गर्न सकिन्छ भन्ने तर्क रहँदै आएको छ ।

क.व.ले गरीवी न्युनिकरणमा पार्न सक्ने सकारात्मक प्रभावको अनुमान गरिए पनि यसलाई प्रारम्भ गर्दा सामुदायिक वन (सा.व.) पनि प्रारम्भिक अवस्थामै रहेकाले गरीवी निवारणका सन्दर्भमा सा.व. भन्दा क.व. बढी उत्तम भन्ने तुलनात्मक भनाइ प्रति भने हालैका अध्ययनहरूले त्यति पुष्टि गर्न सकेको देखिंदैन। तथापि सामुदायिक वनले नै वनमा आश्रित जनताका जीविकोपार्जनमा प्रष्ट र उल्लेख्य रूपमा टेवा पुगेकै छ भन्ने निष्कर्ष पनि निकालिहाल्न सकिएको छैन । कतिपय अध्ययनले त सामुदायिक वन उपभोक्ता समूह भित्रको सामुहिक निर्णय प्रक्रिया र स्रोतको बाँडफाँटमा देखिएको असमानता अपवाद नभएर नियम नै बन्न पुगेको दावी गरेका छन्। यस अनुसार हेर्दा विपन्न र सामाजिक रूपमा पछाडि पारिएका घरधुरीले वन स्रोतवाट कम फाइदा पाएको अध्ययनको निष्कर्ष छ। एक्काईसौं शताब्दीको प्रारम्भ देखि नै सामुदायिक वनले गरीवी निवारण र सहस्राब्दी विकास लक्ष्यमा योगदान पुऱ्याउने चर्चा चल्दै आए पनि सामुदायिक वनको नीति भने स्रोतमाथि गरीवको पहुँच बढी हुनु पर्ने विषयमा मौन रहेको देखिन्छ ।

क.व.को प्रभावका कुरा गर्दा यस कार्यक्रमले बढ्दो पशु उत्पादन, हैसियत बिग्रिएका भूमिको पुनर्स्थापन र वनपैदावार सङ्कलनमा लाग्ने समयको बचतका कारणले जीविकोपार्जनका विभिन्न आयामहरूमा वृद्धि गर्न मद्दत गरेको देखिन्छ। कबुलियती वनले जीविकोपार्जनमा टेवा पुऱ्याएको दावीसँगै यस कार्यक्रमको कार्यशैली वा पद्धति प्रति भने आलोचना हुने गरेको छ। यस कार्यक्रमका प्रमुख आलोचनामा क) हैसियत बिग्रिएको वनबाट विपन्न समुदायको जीवनस्तर उकास्ने विरोधाभासपूर्ण मान्यता, ख) स्रोतमाथि समुदायको अधिकार स्थापित गर्न लामो र जटील प्रशासनिक प्रक्रिया, ग) कार्यान्वयनका बेला सामुदायिक वन र कबुलियती वन बीचको विवाद, घ) अपेक्षाकृत धनी घरधुरीबाट कबुलियती वनबाट फाइदा लिनु आदि रहेका छन्। यसै पृष्ठभूमिमा समुदायका गरीव तथा विपन्न घरधुरीहरूले कबुलियती वनको नीति तथा अभ्यासबाट कहिले, कस्तो अवस्थामा र कसरी फाइदा लिन सकेका छन् र त्यसलाई बढाउँन के गर्नु पर्छ भन्ने बारे यस लेखमा समीक्षा गर्ने प्रयत्न गरिएकोछ ।

---

* वन विभाग, काठमाडौं

** ईसिमोड, नेपाल

## नेपालमा कबुलियती वनको उद्भव र विकास

नेपालमा वनस्रोतको संरक्षणबाट जनताका जीविकोपार्जनलाई सम्वोधन गर्ने अवधारणामा अभ्यास भइरहेका विभिन्न समुदायमा आधारित वन व्यवस्थापनका प्रारूपहरू मध्ये गरीवमूखी कबुलियती वन पनि एक हो । यस कबुलियती वन कार्यक्रमले वनभूमीको व्यवस्थापनबाट गरीवी न्युनीकरण गर्ने नीतिगत उद्देश्य लिएको देखिन्छ । प्राकृतिक स्रोतको पुनरुत्थान सँगै वनस्रोतमा आश्रित गरीवहरूको जीविकोपार्जनमा सुधार गर्न सकिन्छ भन्ने विश्वास विकासशील देशहरूमा बढ्दै गएको छ । यस मान्यताले वनस्रोतमा आधारित गरीवीलाई अस्थायी वा स्थायी रूपमा निवारण गर्न सकिने सम्भावनालाई औंल्याउँछ । साझा सम्पत्तिका रूपमा वनस्रोत लगायत प्राकृतिक स्रोतमाथि अत्याधिक निर्भर रहनु विकासशील देशका ग्रामीण विपन्नहरूको विशेषता नै रहेको सन्दर्भमा जति उत्पादनशील वनस्रोत भयो उति नै यसमा आश्रित जनताको जीविकोपार्जनमा टेवा पुग्न जानु स्वभाविकै हो ।

मानिसलाई वनमा पस्न नदिएर यसलाई ‘बन्द सम्पति’ को रूपमा संरक्षण गर्नु पर्छ भन्ने विगतका मान्यता कमजोर भएका छन् । त्यसको सट्टा वनमा आधारित गरीवी न्युनिकरण र वातावरण संरक्षण सँगसँगै लैजान सकिन्छ भन्ने तथ्य पुष्टि हुँदै आएको छ । वनस्रोतमा जनताको पहुँच बढाउने र वातावरण संरक्षण पनि गर्ने सन्तुलित पद्धतिले मात्रै वास्तवमा दीगो वन व्यवस्थापन तथा दीगो जीविकोपार्जन दुबै लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने मान्यता नै आजको यथार्थ हो । यस सन्दर्भमा गरीवी र वातावरण विनास बीचको दुष्चक्रबाट उम्किन विकासशील देशहरूमा परम्परागत वा कानुनी मान्यता पाएका विभिन्न खाले सामुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरूको अभ्यास हुँदै आएको छ ।

नेपालमा सरकारी वन नीजि क्षेत्रलाई कबुलियत गरी पट्टामा दिने धारणा वि.सं. २०३० को दशकमा वन ऐन २०१८ को चौथो संशोधन र कबुलियती वन नियमावली २०३५ सँगै औपचारिकरूपमा प्रादुर्भाव भएको देखिन्छ । तत्कालिन कबुलियती वन नियमावलीको उद्देश्य सरकार र लगानीकर्ता दुबैलाई फाइदा हुने गरी वनभूमिको उत्पादकत्व वृद्धि गर्न नीजि स्रोतको परिचालन गर्नु रहेको थियो । तत्पश्चात् वन ऐन २०४९ ले कबुलियती वनलाई राष्ट्रिय वनका विभिन्न पाँच प्रारूपहरू मध्ये एकको रूपमा लिएको छ । कबुलियती वन अन्तर्गत पनि संगठित संस्था, वनमा आधारित उद्योग वा समुदायलाई सुम्पन सक्ने गरी थप तीन प्रकारका उप-प्रारूपहरूको कानूनी व्यवस्था गरेको छ । ऐनको दफा २(झ) ले “कबुलियती वन भन्नाले दफा ३१ मा उल्लेखित उद्देश्यहरूको लागि प्रचलित कानून बमोजिम स्थापित कुनै संस्था, वनपैदावारमा आधारित उद्योग वा समुदायलाई दफा ३२ बमोजिम कबुलियती वनको रूपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनु पर्छ” भनी परिभाषित गरेको छ । कबुलियती वन शुरुमा ४० वर्षको लागि सुम्पन सकिने र पुनः अर्को ४० वर्ष सम्म लाई नवीकरण गर्न सकिने कानूनी व्यवस्था छ । वनको क्षेत्रफल र देशको भौगोलिक अवस्था (हिमाली क्षेत्र, पहाडी क्षेत्र वा उपत्यका र तराइ क्षेत्र) अनुसार सरकारले वार्षिक दस्तुर लिने प्रावधान भए पनि गरीवीका रेखा मुनिका समुदायलाई कबुलियती वन प्रदान गर्दा दस्तुर नलाग्ने छुट दिएको छ ।

वनक्षेत्रले गरीवी न्यूनिकरणमा टेवा पुऱ्याउन सक्ने संभावनाले गर्दा आठौं पञ्च वर्षीय योजनाले कबुलियती वनबाट योजना अवधिमा २५,००० विपन्न घरधुरी लाभान्वित हुने लक्ष्य निर्धारण गरेको थियो। गरीवी निवारण पक्षलाई समेट्न वन नियमावली २०५१ को नियम ४० मा गरीवीको रेखामुनि रहेका समुदायलाई कबुलियती वन सुम्पन सक्ने विशेष व्यवस्था मार्फत गरीवमुखी कबुलियती वनको प्रावधान राखेको छ। वन ऐन तथा नियमावलीले कबुलियती वनको व्यवस्थापकका दृष्टिले उद्योग, संगठित संस्था वा समुदायलाई कबुलियती वन दिन सकिने व्यवस्था गरे पनि अभ्यासका क्रममा समुदायलाई दिइने कबुलियती वनका तुलनामा उद्योग वा संगठित संस्थालाई दिइने कबुलियती वन अघि बढ्न सकेको देखिंदैन। त्यसैले नेपालमा कबुलियती वन भन्ने वितिक्कै गरीवमूखी कबुलियती वनकै बाहुल्यता रहेको छ। कबुलियती वनका सन्दर्भमा कबुलियती वन नीतिले समेत मार्गदर्शन गरेको देखिन्छ। कबुलियती वन हस्तान्तरण गर्नका लागि हैसियत बिग्रिएको वन मात्र दिन सकिने नीतिगत तथा कानूनी व्यवस्था छ। यस अनुसार झाडी बुट्यान, अतिक्रमणकारीबाट फिर्ता गरिएको वनक्षेत्र, २० प्रतिशत भन्दा कम छत्र घनत्व भएको वन तथा भूक्षय हुन सक्ने वनक्षेत्र जस्ता प्रावधान राखिएको छ। यस अनुसार अनुमान गर्दा नेपालको कुल वनक्षेत्रको दश प्रतिशत जति अर्थात् पाँच लाख हेक्टर जति सम्भाव्य कबुलियती वनका रूपमा जान सक्ने विज्ञहरूको राय रहेको छ। तथापि यस्तो क्षेत्र यस अघि नै कतिपय ठाउँमा सामुदायिक वनमा गैसकेको र पछि पनि सामुदायिक वनमा जान सक्ने भएकाले सम्भाव्य कबुलियती वनको क्षेत्रफल अनुमान गरे भन्दा अझ घट्ने देखिन्छ।

माथि भनिए झैं गरीबमूखी कबुलियती वनका लागि नेपाल सरकारले परियोजना मार्फत् काम गर्ने भएकाले यसका लागि २०५० सालबाट पहाडी कबुलियती वन तथा चरण विकास आयोजना संचालन गरियो भने २०६१ बाट सोही आयोजना रूपान्तरण गरी कबुलियती वन तथा पशु विकास कार्यक्रम संचालन गरिएको छ। वन विभागको संयोजनमा सञ्चालित यस कार्यक्रम मध्य पहाडका २२ जिल्लामा खासगरी पशुपालन र घाँसमा आधारित भएर संचालित छ। यस कार्यक्रमले आयोजना अवधि भरमा ४४,३०० घरधुरीलाई कबुलियती वनमा आवद्ध गराउने लक्ष्य राखेको छ। यसको अतिरिक्त स्थानीय विकास मन्त्रालयको संयोजनमा पश्चिमी पहाडी गरीवी निवारण परियोजना (Western Upland Poverty Alleviation Project) ले समेत मध्य तथा सुदूर पश्चिमका केही जिल्लामा जडिबूटीमा केन्द्रित कबुलियती वन कार्यक्रमलाई टेवा पुऱ्याउँदै आएको छ। यी दुबै आयोजनाहरू अन्तरार्ष्ट्रिय कृषि विकास कोषको आर्थिक सहायताबाट संचालित छन्। साथै बेलायत सरकारको सहयोगमा सञ्चालित जीविकोपार्जनका लागि वन कार्यक्रम र नेदरल्याण्ड सरकारको सहयोगमा सञ्चालित सिवालिक तथा तराइ जैविक विविधता क्षेत्र कार्यक्रमले समेत गरीवमुखी कबुलियती वन कार्यक्रमलाई पनि समेट्दै आएका छन्। २०६५ जेठ मसान्त सम्मको तथ्यांक अनुसार हाल नेपालमा ३३ जिल्लामा ४,१९४ वटा गरीवमुखी कबुलियती वन हस्तान्तरण गरिएको छ जसमा २३,४२३ हेक्टर वनक्षेत्र र ३६,४७८ घरधुरी परिवार समेटिएको छन।

## जीविकोपार्जन र प्राकृतिक स्रोत व्यवस्थापनमा परेको प्रभाव

गरीबमूखी कबुलियती वनले गरीबी न्यूनिकरण गर्ने तथा प्राकृतिक वातावरणको सुधार गर्ने दोहोरो उद्देश्य राखेको सन्दर्भमा गरीबी न्युनीकरण अर्थात् संलग्न घरधुरीको जीविकोपार्जनमा कस्तो परिवर्तन आयो भन्ने प्रभाव मूल्याङ्कन हुनु आवश्यक छ। जीविकोपार्जनका साधनहरूमा स्वभावैले प्राकृतिक स्रोत र त्यसमाथिको पहुँच समेत समेटिने हुनाले वनस्रोतमा आएको सुधार समेत यसैमा जोडिने विषय हो। यस अनुसार हेर्दा प्राकृतिक स्रोतमा सुधार आएको तर्फ प्रायः धेरै अनुसन्धानकर्ताहरूको मतैक्यता रहेको पाइन्छ भने जीविकोपार्जनका साधनहरूमा भने मूल्याङ्कनकर्ताहरूमा अलग अलग ब्याख्या र मत रहेको देखिन्छ। २०५६ साल तीर मकवानपुर र काभ्रेपलाञ्चोकमा गरिएको एक अनुसन्धानमा हैसियत बिग्रिएको वनक्षेत्रमा गरीबमूखी कबुलियती वनको सात वर्षको व्यवस्थापनबाट वनस्पतिको छत्र घनत्व ३२ प्रतिशतबाट ७८ प्रतिशतमा पुगेको पाइयो। जैविक विविधताका दृष्टिले पनि यी वनहरूमा उल्लेख्य सकारात्मक परिवर्तन आएको देखियो जसमा मकवानपुरमा ५७ प्रतिशतका दरले र काभ्रेमा ८६ प्रतिशतका दरले प्रजातिगत विविधतामा बृद्धि भएको पाइयो। त्यस्तै राष्ट्रिय योजना आयोगले २०६२ मा गराएको प्रभाव मूल्यांकन अनुसार गरीवमूखी कबुलियती वन हस्तान्तरण गर्दा प्रति हेक्टर २० वटा मात्र रुख रहेकोमा आठ दश वर्षको व्यवस्थापनबाट औसतमा प्रति हेक्टर ६४४ वटा रुख बिरुवा पाइयो जसमा २६३ वटा बल्लाबल्ली र ५६ वटा ठूला रुख गणना गरिएको छ। तथापि कबुलियती वनका उपभोक्ताहरूको स्वास्थ्य, खाद्य सुरक्षा, शिक्षा, आय-आर्जन, भौतिक संरचना जस्ता जीविकोपार्जनका अन्य साधनहरूका सन्दर्भमा भने कबुलियती वनको केही सकारात्मक प्रभाव परेको भए पनि अपेक्षा गरे जति हुन नसकेको भन्ने अनुसन्धानकर्ताहरूको ठम्याइ रहँदै आएको छ। उदाहरणका लागि प्रारम्भमा चार प्रतिशत मात्र खाद्य सुरक्षा रहेका घरमा कबुलियती वनका कारणले १६ प्रतिशत सम्म खाद्य सुरक्षा बढेको, दाउरा र डालेघाँस संकलन गर्न लाग्ने समयमा प्रति घरधुरी प्रतिदिन २.५ घण्टा समय बचत हुने गरेको, पशुपालन तथा घाँस विक्रीबाट आम्दानी बढेको, उपभोक्ताहरूले विभिन्न सीपमूलक तालिम लिई मानवीय पूँजीमा वृद्धि भएको, समूह, अन्तरसमूह तथा सहकारीमा संगठित भई गरीव तथा विपन्नको सामाजिक पूँजी वा हैसियत बलियो बनेको आदि अध्ययनबाट पाइए पनि यसको प्रभावकारिता भने ब्यापक वा उल्लेख्य रूपमा हुन नसकेको आरोप छ।

## कबुलियती वनका सवालहरु

गरीबमूखी कबुलियती वनबाट वनक्षेत्रमा वातावरणीय सुधार तथा पट्टावाल घरधुरीहरूको गरीबी न्युनीकरण गर्ने सन्तुलित उद्देश्य राखिएकोमा पनि वातावरणीय सुधारमा उल्लेख्य सकारात्मक परिवर्तन आएको तर त्यसको तुलनामा गरीबी न्युनीकरणमा उल्लेख्य उपलब्धि हुन नसकेको अवस्था अत्यन्त चुनौतिपूर्ण रहेको छ। वातावरणीय उद्देश्य पूरा नभएमा वन व्यवस्थापन दीगो नहुने तथा पट्टावालाको जीविकोपार्जन सुधार नभएमा गरीवमाथि न्याय नहुने सन्दर्भमा यी दुबै उद्देश्य सन्तुलित ढंगबाट अघि बढ्नु पर्ने देखिन्छ। तर वातावरणीय सुधार मात्र उल्लेख्य रूपमा बढ्ने तर पट्टावालाको जीविकोपार्जनका साधनहरूमा सुधार नहुँदा गरीबमाथि अन्याय बढ्न जान्छ। वातावरणीय सुधार हुँदा जैविक विविधता, कार्वन संश्लेषण, भू-सौन्दर्य जस्ता वातावरणीय सेवामा

वृद्धि हुने र उक्त सेवामाथि सम्पूर्ण मानव समुदायको पहुँच हुने हुँदा गरीवको लगानीमा अरूको पनि रजाईं हुने परिस्थिति आउँछ। यस समस्यालाई हल गर्न या त पट्टावालाको जीविकोपार्जनमा उल्लेख्य टेवा पुगेको हुनु पर्छ अथवा वातावरणीय सेवा बापत अरूले पट्टावालालाई तिर्नु पर्छ। वातावरणीय सेवा भुक्तानीको सन्दर्भ नेपालमा हाल सम्म सैद्धान्तिक बहसमा मात्र सीमित रहेको हुँदा पट्टावालाको जीविकोपार्जन सुधारका सवाललाई तत्काल हल गरी हाल्नु पर्ने अवस्था छ। कबुलियती वनका सवालहरूको विश्लेषण गर्दा मुलतः निम्न लिखित सवालहरू प्रमुख रहेका छन्।

## १. नीतिगत तथा कानूनी सवाल

वन ऐन तथा नियमावली गरीबमूखी कबुलियतीले वनको प्रवर्द्धन गर्ने खालको प्रचार गरिए पनि व्यवहारमा उक्त ऐन नियमावलीको कतिपय प्रावधान गरीवमूखी नभएको आलोचना हुँदै आएको छ। कबुलियती वन सुम्पदा सामुदायिक वनलाई प्राथमिकता दिनु पर्ने, पैंतीस दिने सूचनाको व्यवस्थालाई बङ्ग्याउन सकिने कमजोरी रहेको छ। हाल सम्म परियोजना वा कार्यक्रमका कर्मचारीको सक्रियताबाट गरीवमूखी कबुलियती वन हस्तान्तरण हुँदै आए पनि अधिकारमूखी शैलीमा गरीब स्वयंले कबुलियती वनका रूपमा माग गर्न सक्ने र प्राप्त गर्न सक्ने अवस्था देखिंदैन। गाउँका टाठाबाठाले तोकिएको वन सामुदायिक वनका लागि माग गरिदिएमा गरीवमूखी कबुलियती वन पनि कानूनतः सुम्पन सकिंदैन। कबुलियती वन सुम्पदा २० प्रतिशत भन्दा कम छत्र घनत्व भएको वा हैसियत बिग्रिएको वन मात्र सुम्पिनु पर्ने, सामुदायिक वनको जस्तो हस्तान्तरण गरेका बेलाको रुखको दीगो कटानी गरी उपभोक्ताले प्रयोग गर्न नपाउँने, वन कबुलियत गर्दा रहेका ठूला रुख सरकारका लागि गरीबले पालिदिनु पर्ने, सामुदायिक वनको जस्तो जिल्ला वन अधिकृत (जि.व.अ.) ले ऐनबाटै प्रदत्त अधिकारका आधारमा गरीबमूखि कबुलियती वन सुम्पन नपाउँने (वन मन्त्रालयले मात्र कानूनतः कबुलियती वन दिन पाउने हुँदा हाल जि.व.अ.लाई गरीबमूखि कबुलियती वन हस्तान्तरण गर्ने प्रत्यायोजित अधिकार मन्त्रालयले जुनसुकै बेला खारेज गर्न सक्ने) आदि विषय गरीवमूखी कबुलियती वनका नीतिगत तथा कानूनी सवाल हुन। यस सन्दर्भमा कबुलियती वन नीति २०५९ लाई पूर्ण रूपमा वन नियमावलीमा समावेश गर्न सकिएमा धेरै कानूनी सवालहरू हल हुन सक्ने देखिन्छ।

## २. संस्थागत सवाल

गरीवमूखि कबुलियती वनका पट्टावालाहरूको तत्कालिक जीविकोपार्जनका आवश्यकतालाई सम्बोधन गर्ने, कबुलियती वनका उपभोक्ताहरूको सामाजिक सम्पत्ति वृद्धि गर्ने, सबै भन्दा विपन्नलाई क.व.वाट प्राप्त हुने अवसरमा सबभन्दा अगाडि ल्याउने, तथा अन्य वन व्यवस्थापनका प्रारूपहरूबाट समेत कबुलियती वन र यसका पट्टावाला गरीबहरूको उत्थानमा टेवा पुऱ्याउने सवालहरू नै यस कार्यक्रमका संस्थागत सवालहरू हुन्। कबुलियती वनमा तरकारी तथा अन्नबाली लगाउन नपाउने व्यवस्थाले पट्टावाला गरीबहरूको तत्कालको जीविकोपार्जनमा योगदान हुन नसक्ने देखी धेरै खोरिया फडानी भएका क्षेत्रमा हस्तान्तरण भएका कबुलियती वनमा पट्टावालाहरूले मकै, कोदो जस्ता अन्नबाली लगाएको पाइयो। यसरी कानूनको पालना गराउन नसक्ने व्यवहारिक बास्तविकतालाई मनन गरी कम्तिमा खोरिया फडाँनी क्षेत्रमा कबुलियती वन सुम्पिएको चार पाँच वर्ष सम्म रुख र अन्नबालीको कृषि वन लगाउन सकिने र रुख हुर्किए पछि अन्नबाली परित्याग गरी

घाँस, जडिबूटी, फलफूल तथा रुखको व्यवस्थापन गर्न सकिने संस्थागत आधार प्रदान गर्नु पर्ने देखिन्छ। त्यस्तै कबुलियती वनका अन्तरसमूह, सहकारी तथा राष्ट्रिय महासंघमा संगठित हुन समूहलाई प्रेरित गर्ने र यसका लागि वातावरण बनाउनु पर्ने अवस्था छ। साथै सामुदायिक वन लगायत अन्य वन व्यवस्थापनका प्रारूपहरूलाई गरीबमूखी कबुलियती वनको परिपूरकका रूपमा संस्थागत गरिएमा दुबै कार्यक्रमबाट गरीब तथा विपन्नले बढी लाभ लिन सक्ने हुन आउँछ।

## ३. प्रक्रियागत सवाल

गरीवमूखी कबुलियती वन गरीवीका रेखामुनिका समुदायलाई उपलब्ध गराउने नीतिगत व्यवस्था भए पनि अभ्यास र प्रक्रियाका क्रममा धेरै जसो ठाउँमा यो लागू हुन सकेको छैन। खास गरी गरीवीका रेखामुनिका सबभन्दा गरीबबाट काम शुरु गर्नु पर्ने बाध्यता नभएकोले पहाडी कबुलियती वन तथा चरण विकास आयोजनाका अवधिमा गरीबीका रेखा मुनिका जो सुकैलाई समावेश गरिएको अध्ययनले पुष्टि गऱ्यो। सापेक्षिक रूपमा गरीब मध्ये पनि सबभन्दा गरीवलाई पहिले कबुलियती वनको हकदार बनाउने प्रक्रिया अभियानका रूपमा गएको छैन। कतिपय अवस्थामा त गरीब भन्दा तुलनात्मक रूपमा कम गरीब वा धनीले कबुलियती वन प्राप्त गरेको पनि पाइएको छ। कबुलियती वन सुम्पिने बेला गाउँका सबै जनसमुदायलाई भेला गराई व्यापक छलफलका आधारमा निर्णय नगराउँदा गरीबलाई सुम्पिएका कबुलियती वनमा गाउँका टाठाबाठाले गाईवस्तु चराउने, सामाजिक सहयोग नगर्ने जस्ता परिणाम समेत पाइएका छन्। गरीवीको दुष्चक्रबाट विपन्नहरूलाई बाहिर निकाल्ने लक्ष्य पुरा गर्न कार्यक्रम लागू गर्ने क्रममा गरीबहरूको घरधूरी तहमा जीविकोपार्जन विकास योजना तथा व्यवसायिक योजना बनाएर अघि बढ्नु पर्ने टड्कारा आवश्यकता समेत महसुस भएको छ।

## निष्कर्ष

वनक्षेत्रले गरीवी न्युनीकरणमा कुन हद सम्म योगदान पुऱ्याउला भन्ने सवालमा मतभिन्नताहरू रहेका छन्। गरीवमुखी कबुलियती वनलाई नमूनाका रूपमा लिंदा वनक्षेत्रको गरीवी न्युनीकरण पक्ष विभिन्न तत्वहरूमा निर्भर रहने देखिन्छ। उदाहरणका लागि गरीवमूखी नीतिगत व्यवस्था, वन स्रोतको हैसियत, उपभोक्ता समूहको संस्थागत सुदृढीकरण, उद्यम विकास, गरीवमूखी प्रक्रियागत स्पष्टता तथा कबुलियती वनको अन्य वन व्यवस्थापन ढाँचाहरूसँगको सम्बन्ध आदिमा गरीबी न्यूनीकरण पक्ष निर्भर रहन्छ। समग्रमा भन्दा नेपालको गरीवमूखी कबुलियती वनले वातावरणीय सुधारमा उल्लेखनीय उपलब्धि हाँसिल गरे पनि त्यसको तुलनामा पट्टावाला गरीबहरूको जीविकोपार्जनका साधनहरूमा खासगरी आर्थिक सम्पतिमा उल्लेखनीय बढोत्तरी भएको छैन। यद्यपि वातावरणीय सेवाको प्रवाहमा वृद्धि हुँदा वातावरणीय सेवा शुल्क जस्ता नयाँ संभावनाको ढोका भने खुलेको छ। गरीवी न्युनीकरणका सन्दर्भमा गरीवमूखी कबुलियती वनका नीतिगत, कानूनी, संस्थागत तथा प्रक्रियागत चुनौतिहरू रहेका छन् जसको सम्बोधन बिना यस कार्यक्रमबाट उल्लेख्य मात्रामा गरीवी न्युनीकरण गर्न कठीन छ। कबुलियती वन कार्यक्रमलाई निरपेक्ष रूपमा लिनुको सट्टा अन्य वन व्यवस्थापन ढाँचाहरूसँग समेत तालमेल मिलाउँदै लैजानु वाञ्छनीय देखिन्छ। अतः वनक्षेत्रले गरीवी न्युनीकरणमा टेवा पुऱ्याउने हो भने कबुलियती वनका सवालहरू सम्बोधन गर्दै बाँकी वन व्यवस्थापनका पद्धतिहरू समेत गरीवमूखी हुनु पर्ने टड्रो आवश्यकता छ।